मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८१।०८२
च.नं. :

E-mail: info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

मिति: २०८१/१२/२१

# इन्टरनेट जडान सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०८१/१२/२१)

मनराशिसवा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, यस अन्तर्गतका १० वटा वडा कार्यालय, १० वटा स्वास्थ्य चौकी तथा अन्य सम्बद्ध स्थानहरूमा निम्नानुसारका प्रावधानहरू अनुरूप उच्च गुणस्तरीय इन्टरनेट जडान तथा सेवा प्रदान गर्न इच्छुक इन्टरनेट सेवा प्रदायक (ISP) हरूबाट प्रतिस्पर्धात्मक दरभाउ प्रस्ताव आह्वान गरिन्छ। इच्छुक सेवा प्रदायकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्रस्ताव पेश गर्न सक्नुहुनेछ। प्रस्तावहरू स्वशरीर उपस्थित भई वा इमेलमार्फत पेश गर्न सकिन्छ।

---

**प्रावधान तथा सेवा शर्तहरू:**

१. मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, मनरामा न्यूनतम १५ Mbps क्षमताको **Dedicated Corporate Leased Line** जडान गरी निर्बाध इन्टरनेट सेवा प्रदान गर्नुपर्नेछ।

२. प्रत्येक वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा १०० Mbps क्षमताको **Optical Fiber Internet** जडान गरी सेवा उपलब्ध गराउनुपर्नेछ।

३. सेवा प्रदायकले **Service Level Agreement (SLA)** अनुरूप उच्चतम गुणस्तरको इन्टरनेट सेवा निरन्तर रूपमा उपलब्ध गराउनुपर्नेछ।

४. कार्यालयले आवश्यक परेमा इन्टरनेट **Bandwidth** को वृद्धी वा कटौती गर्न सक्नेछ, जसअनुसार सेवा प्रदायकले अनुरूप व्यवस्थापन गर्नुपर्नेछ।

५. सेवा प्रदायकले सम्झौता सम्पन्न भएको मितिले ५ (पाँच) कार्यदिन भित्र सबै स्थानहरूमा इन्टरनेट सेवा सुचारु गर्नुपर्नेछ।

६. इन्टरनेट सेवाको भुक्तानी नगरपालिका कार्यालयबाट वार्षिक(Annual) रूपमा गरिनेछ।

७. दरभाउ प्रस्ताव पेश गर्दा निम्न प्रमाणपत्रहरू अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ:

- ✓ Company Registration Certificate (कम्पनी दर्ता प्रमाणपत्र)
- ✓ Tax/VAT Registration Certificate (कर/भ्याट दर्ता प्रमाणपत्र)

- ✓ आ.व. २०८०/०८१ को Tax Clearance Certificate (कर चुक्ता प्रमाणपत्र) वा कर विवरण पेश गर्न म्याद थप गरिएको पत्र।

८. यदि सेवा प्रदायक कुनै कारणबस सेवा उपलब्ध गराउन असमर्थ रहने भएमा, सो मिति भन्दा कम्तिमा ३ (तीन) महिना अगावै लिखित रूपमा नगरपालिकालाई औपचारिक रूपमा जानकारी गराउनु पर्नेछ।

९. थप स्थानहरूमा इन्टरनेट सेवा जडान गर्नुपर्ने आवश्यकता परेमा, सेवा प्रदायकले पूर्वनिर्धारित सम्झौता अनुरूप सोही दरभाउमा सेवा प्रदान गर्नुपर्नेछ।

१०. Latency, Jitter, Packet Loss, तथा अन्य प्राविधिक मापदण्डहरू SLA अनुरूप परिक्षण तथा अनुगमन गरिनेछ। सेवा प्रदायकले यी मापदण्डहरू पालन गर्न असफल भएमा, नगरपालिका सम्झौताअनुसार आवश्यक निर्णय लिन सक्नेछ।

**सम्पर्क ठेगाना:**

मनराशिसवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मनरा।

**इमेल:** info@manarashiswamun.gov.np|manarasishwamun.gov@gmail.com

**फोन:** ९८५४०३३१०९, ९८५४०३३१०३

(राजेश कुमार शर्मा)
प्रमुख प्रशासकीय अधिकृत